## मिति २०७८।०७।२९ गते बसेको विहादी गाउँकार्यपालिका बैठकको निर्णयहरु

गाउँकार्यपालिकाको कार्यालय
वहाकोठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णयहरु :**

**निर्णय नं. १** : यस विहादी गाउँपालिकाको क्षेत्र अन्तर्गत पर्ने कालिगण्डकी नदिवाट नदिजन्य पदार्थको उत्खनन् सम्बन्धी मिति २०७८।०५।१० मा दोश्रो पटक सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन भईकन मूल्यांकन समितिवाट समेत मूल्यांकनको कार्य सम्पन्न भएकोमा ठेक्का सम्झौताका लागि आवश्यक निर्णयार्थ पेश हुन आएको प्रस्ताव उपर छलफल गर्दा सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम उक्त प्रस्ताव माथि थप छलफल गर्नुपर्ने भएकाले उक्त प्रस्ताव आगामि बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : यस विहादी गाउँपालिका अन्तर्गत विगतका वर्षहरुवाट सञ्चालन हुँदै आएको भकारो सुधारको कार्यक्रम गत आ.व. मा कोभिड १९ को विषम परिस्थितिका कारण सम्पन्न हुन नसकेकोमा २०७८।०७९ को नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार गत आ.व. ०७७।०७८ मा सम्पन्न हुन बाँकी भकारो सुधारका कार्यक्रमहरुलाई यस आ.व. ०७८।०७९ को भकारो सुधार शिर्षकमा विनियोजित बजेटबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३** : विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७ को दफा ९ र दफा १४ (१) (ग) मा देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिवाट पारित गरियो ।

**देहाय :**

दफा ९ मा भएको व्यवस्था लाई हटाई निम्नानुसार संशोधन गरिएको

प्रत्येक व्यवसायीले व्यवसाय दर्ता गरेको मितिदेखि १ वर्ष भित्र आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा नविकरण गरिसक्नु पर्नेछ । म्याद सकिएको थप १ महिना भित्र नविकरण गर्न आएमा जरिवाना लाग्ने छैन अन्यथा वार्षिक करको अलावा दफा १४ (ग) बमोजिम थप जरिवाना लाग्नेछ ।

दफा १४ (१) (ग) मा भएको व्यवस्था लाई हटाई निम्नानुसार संशोधन गरिएको

तोकिएको समयभित्र व्यवसाय नविकरण नगरेमा

- म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गरेमा रु ३००/-
- म्याद समाप्त भएको मितिले ६ महिना भित्र नविकरण गरेमा रु ५००/-
- म्याद समाप्त भएको मितिले ९ महिना भित्र नविकरण गरेमा रु ८००/-
- म्याद समाप्त भएको मितिले १२ महिना भित्र नविकरण गरेमा रु १०००/-
- म्याद समाप्त भएको मितिले २४ महिना भित्र नविकरण गरेमा रु २०००/-
- म्याद समाप्त भएको मितिले २४ महिना सम्म पनि नविकरण नगरेमा व्यवसाय दर्ता प्रमाणपत्र खारेज गरी व्यवसाय दर्ता कितावमा अभिलेख राखिनेछ । यसरि खारेज भएको व्यवसाय पुन दर्ता गराउनु परेमा कार्यविधिको दफा ५ बमोजिम सुरु दर्ताकै विधि अनुसार गर्नु पर्नेछ ।

**निर्णय नं. ४** : कृषक कल्याणकारी बचतकोष कार्यविधि, २०७८ का सम्बन्धमा थप छलफल गर्नुपर्ने भएकोले आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**मिति २०७८।०७।२९ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०७८।०८।०१

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत